आज मिति २०७९ साल पौष २६ गते मंगलबारका दिन यस साँफेबगर नगरपालिकाका नगर प्रमुख श्री राजेन्द्र बहादुर कुँवरज्यूको अध्यक्षतामा आ.व.२०७९/८० को दोस्रो कार्यपालिकाको सातौं बैठक देहाय बमोजिमको उपस्थितीमा बसी निम्नानुसारका प्रस्तावहरु माथि छलफल गरी निर्णय पारित गरियो ।

उपस्थिती:

| क्र.सं. | नाम, थर | पद | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री राजेन्द्र बहादुर कुँवर | अध्यक्ष एवं नगर प्रमुख | ९८४८६४९०२३ | |
| २. | श्री शिव बहादुर कुँवर | सदस्य एवं नगर उप-प्रमुख | ९८५११५२८३९ | |
| ३. | श्री नन्द बहादुर ठकुल्ला | सदस्य एवं वडा अध्यक्ष वडा नं.-१ | ९८६५७६९२२४ | |
| ४. | श्री सेत बहादुर कुँवर | सदस्य एवं वडा अध्यक्ष वडा नं.-२ | ९८४९७८७४३९ | |
| ५. | श्री कुल बहादुर कुँवर | सदस्य एवं वडा अध्यक्ष वडा नं.-३ | ९८६४८१७४८५ | |
| ६. | श्री नवराज बुढा | सदस्य एवं वडा अध्यक्ष वडा नं.-४ | ९८४८५१२३१८ | |
| ७. | श्री मक्कर बहादुर कुँवर | सदस्य एवं वडा अध्यक्ष वडा नं.-५ | ९८४८६०४९७२ | |
| ८. | श्री मिन बहादुर बोहरा | सदस्य एवं वडा अध्यक्ष वडा नं.-६ | ९८४८६५३३८२ | |
| ९. | श्री हिक्मत कडायत | सदस्य एवं वडा अध्यक्ष वडा नं.-७ | ९८६८४३६७५९ | |
| १०. | श्री कालु सिंह कुँवर | सदस्य एवं वडा अध्यक्ष वडा नं.-८ | ९८४४६७९८७८ | |
| ११. | श्री दिपक कुँवर | सदस्य एवं वडा अध्यक्ष वडा नं.-९ | ९८४८६४९२२० | |
| १२. | श्री ललित बोगटी | सदस्य एवं वडा अध्यक्ष वडा नं.-१० | ९८४८५५६००९ | |
| १३. | श्री राम बहादुर बोहरा | सदस्य एवं वडा अध्यक्ष वडा नं.-११ | ९८५१२४६२११ | |
| १४. | श्री जनक बहादुर कडायत | सदस्य एवं वडा अध्यक्ष वडा नं.-१२ | ९८६८४४९३१७ | |
| १५. | श्री रुप बहादुर कुँवर | सदस्य एवं वडा अध्यक्ष वडा नं.-१३ | ९८६५८७९१५८ | |
| १६. | श्री सन्जु थापा | सदस्य एवं वडा अध्यक्ष.वडा नं.-१४ | ९८४८४१०३४५ | |
| १७. | श्री उमा उपाध्याय | सदस्य वडा नं.-२ | ९८४०२९५९२१ | |
| १८. | श्री बिनोद बहादुर भुल | सदस्य वडा नं.-४ | ९८६९९१६९६२ | |
| १९. | श्री मुकेश मिजार | सदस्य वडा नं.-४ | ९८४८५७८३१२ | |
| २०. | श्री मिना के.सी. | सदस्य वडा नं.-७ | ९८४८५९९१५८ | |
| २१. | श्रीमती बिष्णा कुँवर | सदस्य वडा नं.-८ | ९८६५५७९०४३ | |
| २२. | श्री राधा देवी साउँद | सदस्य वडा नं.-९ | ९७४४२८६११३ | राधा |
| २३. | श्री अनिल परियार | सदस्य वडा नं.-१० | ९८६५८४२४८९ | |
| २४. | श्री देवसरा साउद (थापा) | सदस्य वडा नं.-१४ | ९८६४४८६११७ | |
| २५. | श्री लक्ष्मी प्रसाद शर्मा | सचिव नि.प्र.प्र.अ. | ९८५८४३०१११ | |

आमन्त्रित:

| | | | | |
|---|---|---|---|---|
| १. | श्री नृप विश्वकर्मा | कानुन शाखा उ.प्र. | ९८४८३०४९२० | |
| २. | ? | ? | ? | ? |

प्रस्तावहरु

१। नगर प्रमुख रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन सम्वन्धमा।
२। नगर प्रहरी समूह गठन सम्बन्धमा।
३। विद्यालय अनुगमन तथा सुपरिवेक्षण समितिमा सदस्य थप गर्ने सम्बन्धमा।
४। स्थानीय निर्देशक समितिमा सदस्य थप गर्ने सम्बन्धमा।
५। लैङ्गिक हिंसा निवारण कोष समितिमा सदस्य थप गर्ने सम्बन्धमा।
६। कोष स्थापना गर्ने सम्बन्धमा।
७। बहुक्षेत्रीय पोषण योजनाको आ.व. २०७९/८० को प्रस्तावित कार्यक्रम स्वीकृत गर्ने सम्बन्धमा।
८। शिविर सञ्चालन सम्बन्धमा।
९। बुढीगंगा तटबन्धन DPR निर्माणको लागि माग गर्ने सम्बन्धमा।
१०।असिना पिडीतलाई राहत उपलब्ध गराउने सम्बन्धमा।
११।घरको तथ्यांक संकलन सम्बन्धमा।
१२।घरभाडाको तथ्यांक संकलन सम्बन्धमा।
१३।घर नक्सा अभिलेखीकरण तथा घर नक्सा पास सम्बन्धमा।
१४। २०७४ साल अगाडी करारमा नियुक्त प्राविधिक कर्मचारी सम्बन्धमा।
१५।विकास निर्माण योजना सम्बन्धमा।
क। एयरपोर्ट बजार शौचालय निर्माण
१६।विशेष अनुदान तथा समपुरक अनुदान तर्फका आयोजना तथा कार्यक्रम माग गर्ने सम्बन्धमा।
१७।नगर खेलकुद विकास समिति गठन गर्ने सम्बन्धमा।
१८। नगर शिक्षा समिति सदस्य मनोनीत गर्ने सम्बन्धमा।
१९।झोलुङ्गे पुल निर्माण अनुमती सम्बन्धमा।
२०। वडा नं. ८ को जग्गाधनी प्रमाण पूर्जा सम्बन्धमा।
२१।शीर्षक परिवर्तन सम्बन्धमा।
२२। निर्देशन दिने सम्बन्धमा।
२३।सम्पति कर तथा राजस्व सुधार कार्ययोजना निर्माण सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा।
२४।स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) र स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRRAP) को नतिजा सम्बन्धमा।
२५।विविध

निर्णयहरुः

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकाले विगत बर्षहरु झैं यस बर्ष पनि नगर प्रमुख रनिङ्ग शिल्ड प्रतियोगिता आयोजना गर्ने भएकोले उक्त प्रतियोगिता यही मिति २०७९ साल माघ १४ गते देखि आयोजना गर्ने र सो प्रतियोगितामा सहभागी हुने यस नगरपालिका क्षेत्रका विद्यालयहरुलाई सहभागीता वापत प्रति विद्यालय रकम रु. २५,०००/- अक्षेरुपी पच्चीस हजार उपलब्ध गराउने सर्वसम्मत निर्णय पारित गरियो।

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकाको नगर प्रहरी (संचालन तथा व्यवस्थापन) नियमावली -२०७७ बमोजिम नगर प्रहरी समूह गठन गर्ने सर्वसम्मत निर्णय पारित गरियो।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकाको मौजुदा शिक्षा अनुगमन समितिमा देहाय बमोजिमका सदस्यहरु थप गर्ने सर्वसम्मत निर्णय पारित गरियो।

तपसिलः

| क्र.स. | विवरण | सदस्यको नामावली | कैफियत |
|---|---|---|---|
| १ | नगर प्रमुख वा निजले तोकेको कार्यपालिका सदस्य संयोजक | श्री राजेन्द्र बहादुर कुँवर | |
| २ | प्रमुख प्रशासकीय अधिकृत सदस्य | श्री लक्ष्मी प्रसाद शर्मा | |
| ३ | सम्बन्धित वडाका वडा अध्यक्ष सदस्य | श्री १४ वटै वडा अध्यक्ष | |
| ४ | नगर कार्यपालिकाले तोकेको सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्षहरु मध्येबाट १ जना सदस्य | श्री अमर बहादुर शाह | *थप गरिएको* |
| ५ | नगर कार्यपालिकाले तोकेको संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्षहरु मध्येबाट १ जना सदस्य | श्री नन्दकला भट्टराई | *थप गरिएको* |
| ६ | शिक्षक महासंघको नगर अध्यक्ष १ जना सदस्य | श्री उमाकान्त जोशी | पदेन सदस्य |
| ७ | नगर सभासद मध्येबाट नगर कार्यपालिकाले तोकेको १ जना महिला सदस्य | श्री उर्मिला खड्का | *थप गरिएको* |
| ८ | नगर कार्यपालिकाले शिक्षासेवीहरु मध्येबाट मनोनित गरेको १ जना महिलासहित २ जना सदस्य | १.श्री राजमती कुमारी अयडी कुँवर | |
| | | २. श्री जयराज रेग्मी | *थप गरिएको* |
| ९ | नगर शिक्षा अधिकारी - सदस्य सचिव | श्री हिरा दत्त भट्ट | |

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकामा सञ्चालित प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत मौजुदा स्थानीय निर्देशक समितिमा देहाय बमोजिमका सदस्यहरु थप गर्ने र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ.व. २०७९/८० को लागि तपसिल बमोजिम सूचीकृत बेरोजगारहरु मध्येबाट तपसिल बमोजिमको श्रमिक संख्या तथा बजेट परिधी भित्र रही श्रमिकहरु छनौट गरी कार्यक्रम कार्यान्वयन गर्न १४ वटै वडा कार्यालयहरुलाई निर्देशन दिने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिलः

संयोजक – नगर प्रमुख श्री राजेन्द्र बहादुर कुँवर
सदस्य- नगर उप प्रमुख श्री शिव बहादुर कुँवर
सदस्य- वडा अध्यक्ष श्री सेत बहादुर कुँवर वडा नं. २ थप गरिएको
सदस्य- वडा अध्यक्ष श्री राम बहादुर बोहरा वडा नं. ११ थप गरिएको
सदस्य – प्रमुख प्रशासकीय अधिकृत श्री लक्ष्मी प्रसाद शर्मा
सदस्य सचिव रोजगार संयोजक श्री आशा कुमारी चौधरी

**चालु आ.व।२०७९/०८० कामको लागि छनौट संख्या**

| वडा नं. | EMIS मा सुचिकृत जम्मा बेरोजगार संख्या | कामको लागि छनौट सामुदायिक आयोजना श्रमिक संख्या | कामको लागि छनौट युवा रोजगारी श्रमिक संख्या | जम्मा संख्या |
|---|---|---|---|---|
| १ | ८३ | १० | ० | १० |
| २ | १९४ | १६ | ० | १६ |
| ३ | १५८ | १३ | ० | १३ |
| ४ | २०७ | १७ | ० | १७ |
| ५ | १६६ | १५ | ० | १५ |

| | | | | |
|---|---|---|---|---|
| ६ | १५७ | १४ | ० | १४ |
| ७ | १४४ | १२ | ० | १२ |
| ८ | १८१ | १६ | ० | १६ |
| ९ | १७४ | १५ | ० | १५ |
| १० | २४७ | १३ | ८ | २१ |
| ११ | २८७ | १६ | ८ | २४ |
| १२ | २३८ | १२ | ८ | २० |
| १३ | ३०३ | १८ | ८ | २६ |
| १४ | २८१ | १६ | ८ | २४ |
| जम्मा | २८२० | २०३ | ४० | २४३ |

चालु आ.व.२०७९/०८० कामको विनियोजित बजेट

| वडा नं. | सामुदायिक आयोजना | | युवा रोजगारी | | जम्मा ज्यालामा खर्च गर्न मिल्ने बजेट |
|---|---|---|---|---|---|
| | श्रमिक संख्या | विनियोजित बजेट | श्रमिक संख्या (१८ देखि ४० वर्ष उमेर समुहका मात्र) | विनियोजित बजेट | |
| १ | १० | ५७७००० | ० | ० | ५७७००० |
| २ | १६ | ९२३२०० | ० | ० | ९२३२०० |
| ३ | १३ | ७५०१०० | ० | ० | ७५०१०० |
| ४ | १७ | ९८०९०० | ० | ० | ९८०९०० |
| ५ | १५ | ८६५५०० | ० | ० | ८६५५०० |
| ६ | १४ | ८०७८०० | ० | ० | ८०७८०० |
| ७ | १२ | ६९२४०० | ० | ० | ६९२४०० |
| ८ | १६ | ९२३२०० | ० | ० | ९२३२०० |
| ९ | १५ | ८६५५०० | ० | ० | ८६५५०० |
| १० | १३ | ७५०१०० | ८ | ४६१६०० | १२११७०० |
| ११ | १६ | ९२३२०० | ८ | ४६१६०० | १३८४८०० |
| १२ | १२ | ६९२४०० | ८ | ४६१६०० | ११५४००० |
| १३ | १८ | १०३८६०० | ८ | ४६१६०० | १५००२०० |
| १४ | १६ | ९२३२०० | ८ | ४६१६०० | १३८४८०० |
| जम्मा | २०३ | ११७१३१०० | ४० | २३०८००० | १४०२११०० |

श्रमिक दैनिक ज्याला दर=रु.५७७

रोजगारी सिर्जना दिन= १००

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकामा गठित मौजुदा लैंगिक हिंसा निवारण कोष समितिमा देहाय बमोजिमको सदस्यहरु थप गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिलः

क. अध्यक्ष - नगर उप-प्रमुख श्री शिव बहादुर कुँवर

ख. सदस्य - प्र.प्र.अ. श्री लक्ष्मी प्रसाद शर्मा

ग. सदस्य - इलाका प्रहरी कार्यालय

घ. सदस्य - वडा अध्यक्ष वडा नं. ४ श्री नवराज बुढा

ङ. सदस्य- वडा सदस्य वडा नं. १४ श्री रुपा थापा

च. सदस्य- गैर सरकारी संस्था श्री अप्सरा कुँवर थप गरिएको

छ. सदस्य सचिव महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा श्री अनिता जोशी

निर्णय नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकामा आवश्यकता तथा औचित्यताको आधारमा तपसिल बमोजिमका कोषहरु स्थापना गर्ने र आ.व. २०७९/८० मा त्यस्ता कोषहरुमा रु. १ लाखको दरले रकम जम्मा गर्न साँफेबगर नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय पारित गरियो।

तपसिलः

क) न्यायिक कोष

ख) किसान विकास कोष

ग) एकल महिला कोष

घ) लैंगिक हिंसा निवारण कोष

ङ) बाल कोष

निर्णय नं. ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकामा सञ्चालित बहुक्षेत्रीय पोषण योजनाको आ.व. २०७९/८० को लागि पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिबाट प्रस्तावित भई आएको तपसिल बमोजिमको योजना तथा कार्यक्रम कार्यान्वयनको लागि अनुमोदन गर्ने सर्वसम्मत निर्णय पारित गरियो।

तपसिलः

**कार्यक्षेत्र वडाहरु : १४ वडाहरु - १ देखि १४ वटा )**

क्रियाकलाप नं. १ पोषणको महत्व एवं कुपोषणको प्रभाव र असरहरुको बारेमा सञ्चार माध्यमबाट सुचना प्रसारण

| सि.नं. | क्रियाकलापहरुको विवरण | ईकाई | संख्या | दर | दिन | पटक | जम्मा वजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | संचार माध्यमवाट सन्देश प्रशारण (छापा, एफ एम र अनलाइन) | संख्या | १ | २५००० | १ | २ | २५,०००.० | |
| | जम्मा | | | | | | २५,०००.० | |

क्रियाकलाप नं. २. नगरपालिका स्तरीय पोषण तथा खाद्यसुरक्षा निर्देशक समितिको नियमित बैठक संचालन।

| सि.नं. | विवरण | ईकाई | संख्या | दर | दिन | पटक | जम्मा वजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | सहभागि भत्ता | जना | ३० | १५०० | १ | १ | ४५,०००.० | |
| २ | चिया तथा खाजा खर्च | संख्या | ३५ | २०० | १ | १ | ७,०००.० | |
| ३ | कार्यालय सहयोगि भत्ता | दिन | २ | ३०० | १ | १ | ६००.० | |
| ४ | व्यानर | संख्या | १ | १००० | १ | १ | १,०००.० | |
| | कुल १ बैठकको खर्च | | | | | | ५३,६००.० | |
| | कुल जम्मा २ बैठकको खर्च | | | | | | १०७,२००.० | |

क्रियाकलाप नं. ३. वार्ड स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको नियमित बैठक सञ्चालन।

| सि.नं. | क्रियाकलापहरुको विवरण | ईकाई | संख्या | दर | दिन | पटक | जम्मा वजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | सहभागी यातायत खर्च | संख्या | १२ | ५०० | १ | १ | ६,०००.० | |
| २ | कार्यालय सहयोगीलाई यातायता खर्च | संख्या | १ | ३०० | १ | १ | ३००.० | |
| ३ | सहभागीलाई खाजा खर्च | संख्या | १५ | २०० | १ | १ | ३,०००.० | |
| ४ | व्यानर | संख्या | १ | १००० | १ | १ | १,०००.० | |
| | जम्मा १ बैठकको खर्च | | | | | | १०,३००.० | |

| | |
|---|---|
| कुल जम्मा २८ वैठकको खर्च (प्रत्येक वडामा २ पटकको वैठकका लागि) | २८८,४००.० |

क्रियाकलाप नं ४ :नगर स्तरिय निर्देशक समितिका सम्पुर्ण सदस्यहरुलाई बहुक्षेत्रीय पोषण योजना सम्बन्धी १ दिने अभिमुखिकरण कार्यक्रम ।

| सि.नं. | क्रियाकलापहरुको विवरण | ईकाई | संख्या | दर | दिन | स्थान/पटक | जम्मा वजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | सहभागि यातायात खर्च १ देखी २,३,४,५,६,७, ८ र १० वडा सम्म को लागी | जना | ३० | ५०० | १ | १ | १५,०००.० | |
| २ | सहभागि यातायात खर्च ९,११,१२,१३ र १४ वडा सम्मको | जना | ५ | १००० | १ | १ | ५,०००.० | |
| ३ | सहभागिलाई खाना तथा चिया | संख्या | ३५ | ३५० | १ | १ | १२,२५०.० | |
| ४ | सहभागिहरुलाई स्टेश्नरी | संख्या | ३५ | १०० | १ | १ | ३,५००.० | |
| ५ | मसलन्ध (ब्यानर, तालिम सामग्री) | लमसम | १ | १५०० | १ | १ | १,५००.० | |
| ६ | कार्यालय सहयोगि खर्च | संख्या | २ | ३०० | १ | १ | ६००.० | |
| | जम्मा | | | | | | ३७,८५०.० | |

क्रियाकलाप नं. ५ पोषण सहजकर्ताको तलब भत्ता ।

| सि.नं. | क्रियाकलापहरुको विवरण | ईकाई | संख्या | दर | दिन | पटक | जम्मा वजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | तलब | जना | १ | २९११० | १ | १३ | ३७८,४३०.० | |
| २ | सन्चार खर्च | जना | १ | ५०० | १२ | १ | ६,०००.० | |
| ३ | भ्रमण भत्ता | जना | १ | १३२० | २.३ | २०. | ५९,४००.० | |
| ४ | पोसाक भत्ता | जना | १ | १०००० | १ | १ | १०,०००.० | |
| | जम्मा | | | | | | ४५३,८३०.० | |

क्रियाकलाप नं. ६ : नगर स्तरिय विषयगत शाखाको चौमासिक समिक्षा बैठक ।

| सि.नं. | विवरण | ईकाई | संख्या | दर | दिन | पटक | जम्मा वजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | सहभागी भत्ता | जना | १० | १००० | १ | १ | १०००० | |
| २ | चिया तथा खाजा खर्च | संख्या | १२ | २०० | १ | १ | २४०० | |
| ३ | कार्यालय सहयोगी भत्ता | दिन | १ | ३०० | १ | १ | ३०० | |
| | जम्मा १ बैठकको खर्च | | | | | | १२,७०० | |
| | कुल जम्मा ३ वटा बैठकको खर्च | | | | | | ३८,१०० | |

क्रियाकलाप न ७ नगरपालिकामा रहेको पोषण कर्नर व्याबस्थापन तथा प्लास्टिकका सामग्री खरिद ।

| सि.नं. | विवरण | ईकाई | संख्या | दर | दिन | पटक | जम्मा वजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | सामग्री खरिद तथा व्यबस्थापन | १ | १ | २५००० | १ | १ | २५,००० | |
| | स्थानीय सुशासनको कुल जम्मा खर्च | | | | | | ९७५,३८० | |

खानेपानी तथा सरसफाई क्षेत्र

क्रियाकलाप नं. ८. सुनौला १००० दिन भित्रका विपन्न घर परिवारलाई स्वच्छ खानेपानीका लागी फिल्टर वितरण ।

| सि.नं. | क्रियाकलापहरुको विवरण | ईकाई | संख्या | दर | दिन | स्थान/पटक | जम्मा वजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | फिल्टर खरिद ढुवानी सहित | संख्या | १०० | २००० | १ | १ | २००००० | |
| २ | ब्यानर , स्टीकर छपाई | संख्या | १०० | ५० | १ | १ | ५००० | |
| ३ | ढुवानी तथा व्यवस्थापन खर्च | संख्या | लमसम | ० | २ | १ | ५००० | |
| | जम्मा | | | | | | २१०,००० | |
| | खानेपानी तथा सरसफाई क्षेत्रको कुल जम्मा रकम | | | | | | २१०,०००.० | |

शिक्षा क्षेत्र

क्रियाकलाप नं. ९. नगर स्तरिय पोषण प्रदर्शनी कार्यक्रम (छात्र,छात्रा कक्षा १ देखि १० सम्मका)

| सि.नं. | क्रियाकलापहरु | ईकाई | संख्या | दर | दिन | पटक | जम्मा वजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | सहभागी चिया तथा खाजा खर्च | जना | ५५ | २०० | १ | १ | ११००० | |
| २ | सहभागी यातायात खर्च १,२,३,४,५,६,७,८,१० | जना | २७ | ५०० | १ | १ | १३५०० | |
| ३ | सहभागी यातायात खर्च ९,११,१२,१३,१४ | जना | १५ | १००० | १ | १ | १५००० | |
| ४ | स्टेसनरी | ल.स | ३० | १०० | १ | १ | ३००० | |
| ५ | कार्यक्रम ब्यानर र प्रतिवेदन | ल.स | १ | २००० | १ | १ | २००० | |
| ६ | कार्यालय सहयोगी खर्च | जना | २ | ३०० | १ | १ | ६०० | |
| ७ | हलभाडा | लमसम | १ | २००० | १ | १ | २००० | |
| ८ | निर्णायक | संख्या | ३ | २५०० | १ | १ | ७५०० | |
| ९ | पालिकाबाट अनुगमन | संख्या | ७ | १००० | १ | १ | ७००० | |
| १० | पुरस्कार प्रमाण पत्र | संख्या | १ | १८००० | १ | १ | १८००० | |
| | कूल जम्मा | | | | | | ७९,६००.० | |

क्रियाकलाप नं. १० एक विद्यालय एक नमुना करेसाबारी निर्माण

| सि.नं. | क्रियाकलापहरु | ईकाई | संख्या | दर | दिन | पटक | जम्मा वजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | विउ विजन खरिद | संख्या | १ | ६००० | १ | १ | ६००० | |
| २ | प्रविधिक सहयोग खर्च | जना | १ | १५०० | २ | १ | ३००० | |
| ३ | प्लाष्टिक तथा हजारी खरिद खर्च | जना | १ | ९००० | १ | १ | ९००० | |
| ४ | टनेल व्यवस्थापन तथा खाजा खर्च | जना | १ | १६००० | १ | १ | १६००० | |
| ५ | ब्यानर तथा प्रतिवेदन | संख्या | १ | ३००० | १ | १ | ३००० | |
| ६ | अनुगमन पालिका बाट | संख्या | ९ | १००० | १ | १ | ९००० | |
| | कूल जम्मा | | | | | | ४६००० | |

क्रियाकलाप नं. ११ मा.वि.तह अन्तरगत १ वटा विद्यालयलाई सेनेटरी प्याड **vending** मेसिन र **disposel** मेसिन वितरण कार्यक्रम ।

| सि.नं. | क्रियाकलापहरु | ईकाई | संख्या | दर | दिन | पटक | जम्मा वजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | vending मेसिन खरिद | १ | १ | ३२००० | १ | १ | ३३००० | |
| २ | disposel मेसिन खरिद | १ | १ | ६३००० | १ | १ | ६५००० | |
| ३ | ढुवानी खर्च | १ | १ | ० | १ | १ | २००० | |
| | जम्मा | | | | | | १००००० | |
| | शिक्षा क्षेत्रको कुल जम्मा रकम | | | | | | २२५,६००.० | |

कृर्षि शाखा

क्रियाकलाप नः १२ सुनौला हजार दिन भित्रका विपन्न आमाहरुलाई पोषण सुधार तथा व्यवसायिक च्याउ खेतिका लागि बिउ वितरण कार्यक्रम ।

| सि.नं. | क्रियाकलापहरुको विवरण | ईकाई | संख्या | दर | दिन | पटक | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | च्याउको बिउ र प्लाष्टिक वितरण | जना | ६० | १२०० | १ | १ | ७२,००० | ९ नं. वडा देखी १४ नं. वडा सम्मका सुनौला हजार दिनका आमा हरुलाई च्ययाउको बिउ वितरण तथा प्राविधिक सहयोग |
| २ | प्राविधिक सहयोग २ जना प्रति वडा | जना/दिन | १२ | १००० | ६ | ६ | १२,००० | |
| ३ | खाजा खर्च | जना | ६० | २०० | १ | १ | १२,००० | |
| ४ | ब्यानर | संख्या | ६ | १००० | १ | १ | ६,००० | |
| | जम्मा खर्च | | | | | | १०२,००० | |

क्रियाकलाप नः १३ सुनौला १००० दिनका व्यवसायिक कृषक आमाहरुलाई पोषण सुधारका लागी उन्नत तथा हाईब्रेड तरकारीका बिउँ वितरण ।

| सि.नं. | क्रियाकलापहरुको विवरण | ईकाई | संख्या | दर | दिन | पटक | जम्मा वजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | टमाटरको बिउ,प्लाष्टिक र भिटामीन वितरण | जना | ४५ | २००० | १ | १ | ९०,००० | १ देखि ८ नं. वडा सम्मका सुनौला हजार दिनका आमा हरुलाई च्ययाउको बिउ वितरण तथा प्राविधिक सहयोग |
| २ | प्राविधिक सहयोग २ जना प्रति वडा | जना/दिन | १६ | १००० | ८ | ८ | १६,००० | |
| ३ | खाजा खर्च | जना | ४० | २०० | १ | १ | ८,००० | |
| ४ | ब्यानर | संख्या | ८ | १००० | १ | १ | ८,००० | |
| | जम्मा खर्च | | | | | | १२२,००० | |
| | कृर्षि शाखाको कुल जम्मा खर्च | | | | | | २२४,००० | |

पशु सेवा शाखा

क्रियाकलाप नः १४ सुनौला हजार दिनका आमाहरुलाई पोषण सूधारको लागि पशुपन्छि पालन सम्वन्धि अभिमुखिकरण तथा पोषण कोसेली वितरण कार्यक्रम ३ वटा वडामा ।

| सि.नं. | क्रियाकलापहरुको विवरण | ईकाई | संख्या | दर | दिन | पटक | जम्मा वजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | सुनौला १००० दिनका आमाहरुलाई अण्डा वितरण । | जना | २१० | ५०० | १ | १ | १०५,००० | ११ क्यारेटका दरले |
| २ | तेल | जना | २१० | ३२० | १ | १ | ६७,२०० | ११ लिटरका दरले |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | आयोडिन नुन | जना | २१० | ५० | १ | १ | १०,५०० | २२ पोकाका दरले |
| ४ | सहभागी खाजा खर्च | जना | २१० | १५० | १ | १ | ३१,५०० | |
| ५ | नगरबाट अनुगमन | जना | ७ | १००० | ३ | १ | २१,००० | |
| ६ | ब्यानर,प्रतिवेदन, दै.भ.भ.तथा सामाग्री ढुवानी खर्च । | | | | | | २०००० | |
| | जम्मा खर्च | | | | | | २५५,२०० | |
| | पशु शाखाको कुल जम्मा खर्च | | | | | | २५५,२०० | |

## महिला तथा बालबालिका शाखा

**क्रियाकलाप नं. १५ बिद्यालय बाहिर रहेका किशोरीहरुलाई प्रजनन स्वास्थ्य,महिनावारी स्वच्छता र बालविवाह न्यूनिकरण सम्बन्धि २ दिने अभिमुखीकरण कार्यक्रम ।**

| सि.नं. | क्रियाकलापहरुको विवरण | ईकाई | संख्या | दर | दिन | स्थान/पटक | जम्मा वजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | सहभागि यातायात वडा नं.१,२,३,४,५,६,७,८ र १० | जना | १५ | १००० | २ | १ | ३०००० | |
| २ | सहभागि यातायात | जना | २७ | ५०० | २ | १ | २७००० | |
| ३ | सहभागी खाजा | जना | ४८ | १०० | २ | १ | ९६०० | |
| ४ | सहभागी खाना खर्च | जना | ४८ | ३५० | २ | १ | ३३६०० | |
| ५ | प्रशिक्षक दै.भ.भ | जना | २ | १३२० | २.५ | १ | ६६०० | |
| ६ | स्टेसनरी | जना | ४२ | १०० | २ | १ | ४२०० | |
| ७ | मसलन्द (ब्यानर तालिम सामग्री) | ल.स | १ | १५०० | २ | १ | १५०० | |
| ८ | हल भाडा | ल.स | १ | २००० | २ | १ | ४००० | |
| ९ | कार्यालय सहयोगी खर्च | जना | २ | ३०० | २ | १ | १२०० | |
| १० | तालिम अनुगमन | संख्या | ७ | १००० | २ | १ | १४००० | |
| | कूल जम्मा | | | | | | १३१७०० | |

**क्रियाकलाप नं. १६ बिपन्न महिलाहरुका लागी पाठेघर खस्ने समस्या सम्बन्धि १ दिने नगर स्तरिय अभिमुखिकरण कार्यक्रम ।**

| सि.नं. | क्रियाकलापहरुको विवरण | ईकाई | संख्या | दर | दिन | स्थान/पटक | जम्मा वजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | सहभागि यातायात | जना | १० | १००० | १ | १ | १०००० | |
| २ | सहभागि यातायात वडा नं.१,२,३,४,५,६,७,८ र १० | जना | १८ | ५०० | १ | १ | ९,०००.० | |
| ३ | सहभागी खाना खर्च | जना | ३५ | ३५० | १ | १ | १२,२५०.० | |
| ४ | खाजा खर्च | संख्या | ३५ | १०० | १ | १ | ३,५००.० | |
| ५ | सहभागिहरुलाई स्टेश्नरी | संख्या | ३० | १०० | १ | १ | ३,०००.० | |
| ६ | प्रशिक्षक दै.भ.भ | संख्या | १ | १३२० | २.५ | १ | ३,३००.० | |
| ७ | मसलन्द (ब्यानर, तालिम सामग्री) | लमसम | १ | १६३० | १ | १ | १,६३०.० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | हल भाडा | ल.स | १ | २००० | १ | १ | २,०००.० | |
| ९ | कार्यालय सहयोगि भत्ता | संख्या | २ | ३०० | १ | १ | ६००.० | |
| १० | तालिम अनुगमन | संख्या | ७ | १००० | १ | १ | ७,०००.० | |
| ११ | अन्य व्यवस्थापन खर्च | | | | | | ५,०००.० | |
| | जम्मा खर्च | | | | | | ५७,२८०.० | |
| | क्रियाकलाप नं. १७ पोषण सुधारको लागी विपन्न महिला सहकारी वा समुहमा आयआर्जनको लागी अनुदान कार्यक्रम । | | | | | | ६००,०००.० | |
| | महिला बालबालिका तथा जेष्ठ नागरिक शाखाको कुल जम्मा रकम | | | | | | ७८८,९८०.० | |

## स्वास्थ्य क्षेत्र

क्रियाकलाप नं. १८ पोषण शिविर संचालन वडा नं. १ बैजनाथ र वडा नं. ६ भागेश्वरमा ।

| सि.नं. | क्रियाकलापहरुको विवरण | ईकाई | संख्या | दर | दिन | स्थान/पटक | जम्मा वजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | किशोरी,गर्भवति महिला र २ वर्ष मुनिका बालबालिकामा रक्तअल्पता जाँचका लागी reagent खरिद | संख्या | २ | १०००० | ० | १ | २०००० | |
| २ | सरोकारवालाहरुसंग अभिमुखिकरण कार्यक्रम । | संख्या | २ | ६५०० | १०० | १ | १३००० | |
| ३ | कर्मचारी परिचालन nutrition assessment गर्न । | संख्या | ३ | ७०० | ४ | २ | १६८०० | |
| ४ | FCHV परिचालन । | संख्या | १८ | ४०० | १ | १ | ७२०० | |
| ५ | व्यानर | संख्या | २ | १००० | १ | १ | २००० | |
| ६ | खाजा खर्च | संख्या | ३३ | २०० | १ | १ | ६६०० | |
| ७ | पोषण नागलो प्रदर्शनि | संख्या | १० | १००० | १ | १ | १०००० | |
| | जम्मा | | | | | | ७५६०० | |

क्रियाकलाप नं. १९. १२ वटै वडाहरुमा पोषण लेखाजोखा गर्ने ।

| सि.नं. | क्रियाकलापहरुको विवरण | ईकाई | संख्या | दर | दिन | स्थान/पटक | जम्मा वजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | कर्मचारी परिचालन nutrition assessment गर्न । | संख्या | २४ | ७०० | ५ | १ | ८४००० | |

क्रियाकलाप नं.२० स्वास्थ्य संस्थामा पोषण कर्नर स्थापना

| सि.नं. | क्रियाकलापहरुको विवरण | ईकाई | संख्या | दर | दिन | स्थान/पटक | जम्मा वजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | पोषण कर्नर स्थापना | १ | १ | २५००० | ० | १ | २५००० | |

क्रियाकलाप नं. २१ ओ.टि.सी. विस्तार गर्ने । (पातलकोट,बाल्ला र देविस्थात)

| सि.नं. | क्रियाकलापहरुको विवरण | ईकाई | संख्या | दर | दिन | स्थान/पटक | जम्मा वजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | सरोकारवालाहरु,FCHV र कर्मचारीसंग अभिमुखिकरण कार्यक्रम। | १ | ३ | ७५०० | १ | १ | २२५०० | |
| २ | आवश्यक सामग्री खरिद | १ | २ | १०००० | १ | १ | २०००० | |
| ३ | कर्मचारीहरुलाई Refresher training | १ | ६ | १३२० | २.५ | १ | १८२४० | |
| ४ | सहजकर्ता र का.स | १ | २ | १५०० | १ | १ | ३००० | |
| ५ | खाजा र शैक्षिक सामग्री | १ | १ | १५०० | १ | १ | १५०० | |
| ६ | ब्यानर | १ | १ | १००० | १ | १ | १००० | |
| | | जम्मा | | | | | ६६२४० | |

क्रियाकलाप नं. २२ पालिकाबाट अनुगमन

| सि.नं. | क्रियाकलापहरुको विवरण | ईकाई | संख्या | दर | दिन | स्थान/पटक | जम्मा बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | नगरपालिका स्वास्थ्य शाखाबाट अनुगमन | १ | २ | १७६० | १० | २ | २०००० | |
| | स्वास्थ्य शाखाको कुल जम्मा बजेट | | | | | | २७०८४० | |

| | | | |
|---|---|---|---|
| | पोषण सामग्री ढुवानी | ३०००० | |
| १ | ओ.टि.सी. स्थापना तथा पोषणको लेखाजोखा र ओ.टि.सी.संचालनका लागी संचार यातायात र उत्प्रेणा खर्च। | ५०००० | |
| २ | पोषण मैत्री स्वास्थ्य संस्था | ५०००० | |
| ३ | पोषण कार्यक्रमको एकिकृत अनुगमन | २०००० | |
| | कुल जम्मा | १५०००० | |
| | स्वास्थ्य शाखाको कुल जम्मा बजेट | ४२०८४० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | विषयगत क्षेत्र | बजेट | | स्रोतका अनुसारको बजेट | |
| | **सुशासन क्षेत्र** | ९७५,३८०.० | | नेपाल सरकार | १६००००० |
| | **खानेपानी** | २१०,०००.० | | नगर पालिका स्रोत | १५००००० |
| | **शिक्षा** | २२५६०० | | जम्मा बजेट | ३१००००० |
| | **कृषि** | २२४,००० | | | |
| | **पशु** | २५५,२०० | | | |
| | **महिला बालबालिका** | ७८८,९८०.० | | | |
| | **स्वास्थ्य** | ४२०,८४०.० | | | |
| | **जम्मा** | ३१०००००० | | | |

निर्णय नं. ८

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका अन्तर्गत १४ वटै वडाहरुका वडाबासीहरुलाई घरदैलोमा नै स्वास्थ्य सेवा उपलब्ध गराउन सबै वडाहरुमा स्वास्थ्य सेवा शिविर सञ्चालन गर्न स्वास्थ्य शाखालाई निर्देशन दिने र आँखा उपचार केन्द्र साँफेबगरको समन्वयमा आँखा शिविर सञ्चालन गर्न गेटा आँखा अस्पताल कैलालीमा अनुरोध गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. ९

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका क्षेत्र भएर बगिरहेको बुढीगंगा नदीले नदिको दायाँबायाँ क्षेत्रको उर्वर खेतीयोग्य जमिन तथा मानव बस्ती बर्षेनीरुपमा कटान गरिरहेकोले यसको दिगो नियन्त्रण तथा रोकथामको लागि विस्तृत परियोजना प्रतिवेदन (DPR ) निर्माणको लागि सम्बन्धित निकायमा माग गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. १०

प्रस्ताव नं. १० माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका अन्तर्गत वडा नं. ११, १२, १४ का २०७९ कार्तिक महिनामा परेको असिना पानीबाट पिडीत किसानहरुलाई तथा वडा नं. ७ का बाढी कटानबाट पिडीत किसान कालु सिंह कुमाल र हर्क कडायतलाई क्षतिको प्रविधिक मूल्यांकन बमोजिम राहत स्वरुप खाद्यान्न उपलब्ध गराउन नगर कार्यपालिकको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. ११

प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका क्षेत्र भित्र रहेको ऐलानी,पर्ति तथा सार्वजनिक जग्गामा बनेका घर तथा अन्य संरचनाहरुको विवरण तयार गरी यथाशीघ्र नगरपालिकामा उपलब्ध गराउन १४ वटै वडा कार्यालयहरुलाई निर्देशन दिने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. १२

प्रस्ताव नं. १२ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका क्षेत्र भित्रका गाउँ तथा बजारका भाडामा लगाइएका घर तथा अन्य संरचनाहरुको विवरण तयार गरी यथाशीघ्र नगरपालिकामा उपलब्ध गराउन १४ वटै वडा कार्यालयहरुलाई निर्देशन दिने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. १३

प्रस्ताव नं. १३ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका क्षेत्र भित्र रहेका भवन निर्माण मापदण्ड २०७२ लागू हुनुभन्दा पहिले बनेका वा घर नक्सा पास नगरी बनाइएका पूर्वनिर्मित घरहरुको नक्सा अभिलेखीकरण कार्य २०८० साल असार मसान्त सम्मको लागि थप गर्ने र नयाँ निर्माण हुने घरहरुको भवन निर्माण मापदण्ड २०७२ बमोजिम अनिवार्यरुपमा नक्सा पास गरेर मात्र निर्माण गर्न गराउन १४ वटै वडा कार्यालयहरुलाई निर्देशन दिने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. १४

प्रस्ताव नं. १४ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकाको मिति २०७९ साल श्रावण २८ गतेको कार्यपालिका निर्णयबाट भाद्र १ गते देखि करार सम्झौता नवीकरण नगरिएका प्राविधिक कर्मचारीहरु मध्ये २०७४ साल भन्दा अगावै नियुक्त भएका ५ जना असिष्टेन्ट सब इन्जिनीयरहरुलाई मिति २०७९ साल माघ १ गते देखि लागू हुने गरी साविक बमोजिमकै सेवा सुविधा पाउने गरी पुनर्वहाली गरी कामकाजमा लगाउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. १५

प्रस्ताव नं. १५ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका कार्यालयको उत्तरी गेटमा अवस्थित एयरपोर्ट बजार सार्वजनिक शौचालय निर्माणको कार्य प्रक्रिया अगाडी बढाउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. १६

प्रस्ता नं. १६ माथि छलफल गर्दा आ.व.२०८०/८१ का लागि सङ्घीय समपूरक अनुदान तथा सङ्घीय विशेष अनुदान अन्तर्गत यस साँफेबगर नगरपालिकाको आवश्यकता तथा औचित्यताको आधारमा तपसिल बमोजिमका आयोजना तथा कार्यक्रमहरुको प्राथमिकीकरण गरी राष्ट्रिय योजना आयोगमा माग गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिलः

समपूरक अनुदान तर्फः

१. रतनटोल दलित बस्ती कृषि सडक निर्माण वडा नं. ८
२. वडा कार्यालय भवन निर्माण वडा नं. २
३. वडा कार्यालय भवन निर्माण वडा नं. ४
४. वडा कार्यालय भवन निर्माण वडा नं. ५
५. वडा कार्यालय भवन निर्माण वडा नं. ९
६. वडा कार्यालय भवन निर्माण वडा नं. ११
७. वडा कार्यालय भवन निर्माण वडा नं. १२

बिशेष अनुदान तर्फः

१. प्रभा धम्कोट मा.विं. ८ कोठे भवन निर्माण वडा नं. ३
२. छिपेखोला देखि दक्षिण बुढीगंगा नदी वारीपारी तटबन्धन निर्माण वडा नं. ७,३,२ र १
३. त्रिवेणी सिमेली हाडी खसड पर्यटकीय सडक निर्माण वडा नं. १२
४. जाल्पादेवी पातलकोट कृषि सडक निर्माण वडा नं. २ र १४
५. मोटेना डिपबोरिङ्ग खानेपानी खानेपानी निर्माण वडा नं. ८
६. भासकुन एकीकृत बस्ती व्यवस्थापन वडा नं. १४

निर्णय नं. १७

प्रस्ताव नं. १७ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकाको नगर खेलकुद विकास समिति गठन, सञ्चालन र व्यवस्थापन कार्यविधी -२०७६ दफा ३ बमोजिम खेलकुद क्षेत्रको विकासको लागि देहाय बमोजिमको खेलकुद विकास समिति गठन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिल

संयोजक – श्री अनिल कुँवर
सदस्य - श्री हिरण्ड बुड्थापा
सदस्य - श्री कृष्ण कुँवर
सदस्य - श्री लोचन स्वार
सदस्य – श्री सञ्जय भाट
सदस्य – श्री टंक कुँवर
सदस्य – श्री चाँदनी शाह
सदस्य – श्री जीवन बोहरा
सदस्य - श्री कर्ण वि.क.
सदस्य – श्री नवराज बुढा
सदस्य – श्री जयन्द्र बटाला
सदस्य – श्री विजय कुँवर

सदस्य – श्री अस्मिता भाट

सदस्य – श्री हिउदल के.सी.

सदस्य सचिव – श्री हिरादत्त भट्ट (शिक्षा युवा तथा खेलकुद शाखा)

निर्णय नं. १८

प्रस्ताव नं. १८ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकामा गठित मौजुदा नगर शिक्षा समितिमा देहाय बमोजिमका सदस्य मनोनीत गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिलः

| | |
|---|---|
| नगर प्रमुख श्री राजेन्द्र बहादुर कुँवर | अध्यक्ष |
| नगर उप-प्रमुख श्री शिव बहादुर कुँवर | सदस्य |
| सामाजिक विकास समिति संयोजक श्री जनक बहादुर कडायत | सदस्य |
| प्र.प्र.अ. श्री लक्ष्मी प्रसाद शर्मा | सदस्य |
| कमला भाट - | सदस्य |
| टक्कर बहादुर ताम्राकार | सदस्य (मनोनीत गरिएको) |
| मोहन बहादुर कुँवर | सदस्य |
| पृथ्वी कुँवर | सदस्य |
| धर्मेन्द्र बहादुर शाह | सदस्य |
| देवेन्द्र बहादुर शाह | सदस्य |
| बसन्ती बिष्ट | सदस्य |
| हरिश परियार | सदस्य |
| हिरादत्त भट्ट शिक्षा अधिकृत | सदस्य सचिव |

निर्णय नं. १९

प्रस्ताव नं. १९ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका क्षेत्रमा आ.व.२०७९/८० मा निर्माण सञ्चालन गरिने तपसिल बमोजिमका झोलुङ्गे पुलहरुको निर्माणको लागि सेवक नेपाल/टीबीएसयुलाई अनुमती दिने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिलः

क) खहरेखोला झो.पु. निर्माण वडा नं. १०

ख) खेतीखोला झो.पु. निर्माण वडा नं. १४

निर्णय नं. २०

प्रस्ताव नं. २० माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका अन्तर्गत ८ नं. वडा कार्यालयको निर्माणाधीन भवन रहेको जग्गा विगत देखि नै सोही वडाको भोगचलनमा रहेको हुँदा ८ नं. वडा कार्यालय चण्डिकाको नाममा जग्गाधनी प्रमाण पूर्जा उपलब्ध गराउन मालपोत कार्यालय अछाममा अनुरोध गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. २१

प्रस्ताव नं. २१ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकाका तपसिल बमोजिमका वडा कार्यालय मार्फत चालु आ.व. २०७९/८० मा सञ्चालन हुने तपसिल बमोजिमका आयोजना तथा कार्यक्रमहरुको शीर्षक परिवर्तनका लागि सम्बन्धित वडा कार्यालयबाट अनुरोध भई आएकोले शीर्षक परिवर्तन गरी संशोधन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिलः

| वडा | योजना तथा कार्यक्रम | बजेट रकम | संशोधित योजना तथा कार्यक्रम | बजेट रकम |
|---|---|---|---|---|
| ११ | महाकाली आधारभूत विद्यालय भवन निर्माण | ४,००,०००/- | अगलेपानी महाकाली आ.वि. खानेपानी निर्माण | ४,००,०००/- |

निर्णय नं. २२

प्रस्ताव नं. २२ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका अन्तर्गत त्रैमासिक रुपमा बैंकिङ्ग प्रणाली मार्फत वितरण भईरहेको सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको बैंक खाता जुन बैंकमा सञ्चालनमा रहेको छ सो वडाको उपभोक्ता समिति मार्फत सञ्चालन हुने आयोजना तथा कार्यक्रमको बैंक खाता सोही बैक मार्फत आर्थिक कारोबार सञ्चालन गर्न १४ वटै वडा कार्यालयहरुलाई निर्देशन दिने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. २३

प्रस्ताब नं. २३ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकाको आन्तरिक राजस्व वृद्धि गर्नको लागि करका दायराहरु के कसरी बढाउन सकिन्छ तत्सम्बन्धमा निर्वाचित जनप्रतिनिधी, कर्मचारीहरु, शाखा प्रमुख तथा सरोकारवाला करदाताहरुको समेत सहभागितामा दुई दिने सम्पति कर सम्बन्धी प्रशिक्षण तथा थप दुई दिन राजस्व सुधार कार्ययोजना निर्माण सम्बन्धी अभिमुखीकरण कार्यक्रम मिति २०७९ साल माघ १५ गते भित्र स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान र यस नगरपालिकाको संयुक्त लागत सहभागितामा कार्यक्रम सञ्चालन गर्ने तथा उल्लेखित कार्य गर्नको लागि यस साँफेबगर नगरपालिका राजस्व शाखामा कार्यरत लक्ष्मी कुमारी ढुंगानालाई कार्यक्रम संयोजकको जिम्मेवारी तोक्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्बसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. २४

प्रस्ताव नं. २४ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकाको आ.व. २०७८/०७९ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) को प्रारम्भिक नतिजा र स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRRAP) को नतिजा पेश गरी जिल्ला समन्वय समिति अछामबाट पृष्ठपोषण प्राप्त भएकोमा उक्त पृष्ठपोषण उपर छलफल गरी अनलाइन पोर्टलमा अद्यावधिक गरिएको तथा उक्त पृष्ठपोषण सहितको नतिजालाई अनुमोदन गरी सार्वजनिक गर्ने सर्वसम्मत निर्णय पारित गरियो।